नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७७/७८
चलानी नम्बर:-

मिति:- २०७८/०२/१३

## प्रेस नोट

पश्चिम बंगालको खाडीमा विकसित भएको जलवायुको प्रभाव र शक्तिशाली चक्रवात **(Very Severe Cyclonic Storm)** यास् **(YAAS)** समूद्रबाट जमिन तर्फ प्रवेश गरिसकेको र उक्त चक्रवात उत्तर-उत्तरपश्चिम सर्ने क्रममा रहेको जसकारण मिति २०७८-०२-१३ गतेदेखि मिति २०७८-०२-१५ गतेसम्म नेपालमा धेरैजसो स्थानमा भारी वर्षा, चट्याङ पर्ने र उच्च बेगको हावाहुरी आउने सम्भावना रहेको जानकारी श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त हुन आएको सन्दर्भमा सम्भावित जोखिमबाट बच्न एवं पूर्वतयारीको अवस्थामा रहन आज मिति २०७८-०२-१३ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सबै स्थानीय तहका प्रमुख/अध्यक्ष, कार्यालय प्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू र सामाजिक संघ संस्थाका प्रमुखहरूसँग **Virtual** विधिबाट बैठक आयोजना गरियो । सो बैठकबाट देहायअनुसार गर्न, गराउन र तयारी अवस्थामा रहन सम्बन्धित निकायहरूलाई अनुरोध गरियो ।

तपशील:-

१. बाढी, पहिरो र डुबान हुने क्षेत्रमा नजाने, नदी र खोलाहरूमा माछा मार्ने लगायतका कुनै पनि कार्यहरू नगर्ने, नदी, खोला किनार एवं पहिरो आसपास बसोबास गर्ने बासिन्दा उच्च सतर्क रहने लगायतको विवरण सहितको सूचना सम्पूर्ण स्थानीय तहहरूले तत्काल जारी गर्ने ।

२. सम्भावित घट्नालाई आँकलन गरी हुनसक्ने क्षति न्यूनीकरण गर्न स्रोत साधन (खोज तथा उद्धार सामग्री, सवारी साधन, एक्साभेटर) तयारी अवस्थामा राख्ने ।

३. जोखिमपूर्ण अवस्थामा रहेका वस्तीहरू र सो वस्तीमा बस्ने वासिन्दाहरूको सुरक्षाका निम्ति स्थानीय तहहरूले तत्काल आवश्यक व्यवस्था मिलाउने ।

४. राहत सामग्रीको व्यवस्था र आश्रय स्थलहरूको तयारी गर्ने ।

५. स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाउने ।

७८/२/१३
देव चन्द्र गर्तौला
प्रशासकीय अधिकृत